नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

(स्थानीयतह कर्मचारी प्रशासन शाखा)

☎ ४२००३१४, ४२००२९९, ४२००५०५

पत्र संख्या: २०७५/०७६

चलानी नं.: ३०७९

मिति : २०७५।१०।०९

**बिषय : मासिक डोर र ज्यालादारीका कर्मचारीहरु सम्वन्धमा ।**

**श्री स्थानीय तहहरु सवै ।**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६)मा स्थानीय तहको सेवा संचालनको लागि अस्थायी दरवन्दी सिर्जना गर्न सकिने छैन भन्ने उल्लेख छ । सोही दफाको उपदफा (८) मा यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि गाँउपालिका तथा नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्वर, ईलेक्ट्रीसियन, चौकिदार, माली, बगैचे र सरसफाई सम्वन्धि पदमा स्थायी पदपुर्ति नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनु पर्नेछ । सोही ऐनको दफा ८७ मा उल्लेखित अवस्थाका र माथि लेखिए बाहेकका अन्य पद तथा सेवामा करारबाट पदपुर्ति गर्न पाइनेछैन भन्ने कानूनी व्यवस्था रहेको छ । यस मन्त्रालयबाट मिति २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्वन्धि कार्यबिधि, २०७४ अनुसार करार गरिएको पद वा दरवन्दीमा समायोजन भई कर्मचारी आएपछि त्यस्तो दरवन्दीमा गरिएको करार स्वत समाप्त हुने कार्यबिधि बिपरित मासिक डोर, ज्यालादारी वा स्वीकृत दरवन्दी भन्दा बाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलव, भत्ता वा पारिश्रमिक भुत्तानी गर्न नमिल्ने, यस्तो कार्य प्रचलित कानून बिपरित भई बेरुजु कायम हुने हुदा बेरुजु भएको उक्त रकम भुत्तानी गर्ने पदाधिकारीबाट असुल उपर हुने व्यहोरा सम्वन्धित सवै स्थानीय तहलाई लेखी पठाउने भनी नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०७५।१०।८ को निर्णयानुसार अनुरोध गर्दछु ।

(झरेन्द्र प्रसाद चापागाई)

उप सचिव

बोधार्थ:-

श्री सूचना तथा प्रविधि शाखा, website मा upload गरिदिनु हुन ।